# उद्योग विभाग

## विदेशी लगानी तथा प्रविधि हस्तान्तरण शाखाको

### विभिन्न उद्योगहरुले विदेशी पक्षसँग विदेशी मुद्रामा रकम पठाउने गरी सेवा आयात सम्बन्धी सार्वजनिक सूचना ।

मिति २०७८/९/२२

कतिपय उद्योगहरुले विदेशी पक्षसँग विदेशी मुद्रामा रकम पठाउने गरी सेवा आयात गरी सो को रकम पठाउन स्वीकृति/सिफारिस माग गरेकोमा कतिपय सेवा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ बमोजिम प्रविधि हस्तान्तरणमा पर्ने देखिएको साथै अन्य सेवा आयात गर्दा विभागमा कुनै जानकारी समेत नभएको अवस्थामा विदेशी मुद्रा विदेश पठाउन स्वीकृति/सिफारिस गर्न कठिनाई भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस भन्दा पहिले सम्झौता स्वीकृति तथा जानकारी नगराई लिएको सेवाको भुक्तानी भए पेश गर्नुहुन र यस भन्दापछि सम्पूर्ण उद्योग, फर्म, कम्पनीले विदेशी पक्षसँग विदेशी मुद्रामा रकम पठाउने गरी सेवा आयात गर्नुपूर्व विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ बमोजिम प्रविधि हस्तान्तरणमा पर्ने भएमा नियमानुसार दुई पक्ष वीच भएको सम्झौता अनिवार्य रुपमा उद्योग विभागवाट स्वीकृति गराउने र सेवा आयातको हकमा सेवाको आवश्यकता, औचित्य र नेपाल राष्ट्र बैंकले तोकेको भारतको हकमा भारतिय रकम १ लाख सम्म र अन्य मुलकको हकमा ५ हजार अमेरिकी डलर सम्मको सीमाभन्दा बढीको सेवा लिनुपूर्व सम्बन्धित नियामक निकायको पूर्व स्वीकृति लिइ आयात गरेको सेवाको मात्र विदेशी मुद्राको स्वीकृति/सिफारिस गरिने अन्यथा नेपाल राष्ट्र बैंकलाई विदेशी मुद्रा सटही सुविधा सिफारिस गर्न नसकिने व्यहोरा सम्बन्धित सवैको जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको व्यहोरा अनुरोध छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग विभाग
विदेशी लगानी तथा प्रविधि हस्तान्तरण
त्रिपुरेश्वर, काठमाडौं

उद्योग विभाग
विदेशी लगानी तथा प्रविधि हस्तान्तरण शाखा,
त्रिपुरेश्वर, काठमाण्डौ ।